# गजुरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## गजुरी, धादिङ
## बागमती प्रदेश, नेपाल

**सूचना प्रकाशन मिति २०७७/०२/२१**

**मेडिकल (ल्याव तथा रेडीयोलोजी)उपकरण खरिद सम्वन्धी शिलबन्दी दरभाउ-पत्र आह्वानको सूचना**

**दरभाउ-पत्र नं.१७ /२०७६/०७७**

यस कार्यालय अन्तर्गतका गजुरी प्रथमिक स्वास्थ्य केन्द्रको लागि आवश्यक मेडिकल उपकरण खरिद गर्न दरभाउ-पत्र आह्वानको सुचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र इजाजत प्राप्त इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले शिलबन्दी दरभाउ-पत्र पेश गर्न हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ

१. सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नविकरण गरिएको सम्बन्धित विषयको कारोवार गर्ने इजाजत प्राप्त फर्म दर्ता प्रमाणपत्र, व्यवसायी दर्ता प्रमाणपत्र, आयकर तथा भ्याट दर्ता प्रमाणपत्र र २०७५/०७६ को कर चुक्ता गरेको प्रमाणको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी रु १०।- को टिकट टाँसी कार्यालय समयमा रू. १०००।- (अक्षेरुपी एक हजार पछि फिर्ता नहुने गरी) यस कार्यालयमा नगद बुझाई दरभाउ-पत्र खरिद गर्न सकिनेछ ।

२. सूचना प्रकाशित मितिले १६ औं दिनको १२:०० बजे भित्र दरभाउ-पत्र रीत पूर्वक भरी यस कार्यालयमा सिलबन्दी गरी दर्ता गराई सक्नुपर्नेछ । दर्ता भएको दरभाउ-पत्रहरू सोही दिनको २:०० बजे दरभाउ-पत्रदाता वा निजको प्रतिनिधिहरूको रोहबरमा खोलिनेछ । दरभाउ-पत्रदाता वा निजका प्रतिनिधिहरू उपस्थित नभए पनि सिलवन्दी दरभाउ-पत्र खोल्न बाधा पर्नेछैन । दरभाउ-पत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन बिदा पर्न गएमा सो सम्बन्धी कार्य तत्पश्चात कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।

३. सिलवन्दी दरभाउ-पत्र दर्ता गर्दा जमानत वापतको रकम गजुरी गांउपालिकाको राष्ट्रिय बाणिज्य बैंक गजुरीमा रहेको धरौटी खाता नं. ग ३ १०५००३०३०००००२ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा कम्तीमा ६० दिन म्याद भएको (दरभाउ-पत्र दर्ता गर्ने अन्तिम मिति देखि) मान्यता प्राप्त बैंकको बैंक ग्यारेन्टी दरभाउ-पत्र साथ पेश गर्नुपर्नेछ । दरभाउ-पत्रदाताको दरभाउ-पत्र स्वीकृत भएपछि स्वीकृत अंकको २.५% वरावरको रकम सम्झौता गर्नु अगावै धरौटी खातामा जम्मा गर्नुपर्ने वा यस कार्यालयको नाममा जारी भएको पर्फरमेन्स बण्ड पेश गर्नु पर्नेछ ।

४. दरभाउ-पत्रदाताले कबुल गरेको प्रत्येक आइटमको दररेटलाई अंक र अक्षरमा प्रष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा भिन्नता भएमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिईने छ । दरभाउ-पत्र फाराममा केरमेट भएको ठाउँमा सहीछाप नगरेको पाइएमा मान्यता दिईने छैन ।

५. फोटोकपी गरी पेश गरेको दरभाउ-पत्रलाई मान्यता दिईने छैन । यस कार्यालयबाट प्रमाणित नभएको र एक फर्मले खरिद गरेको दरभाउ-पत्र अर्को फर्मले दाखिला गर्न पाउने छैन । रीत नपुगेको दरभाउ-पत्र उपर कुनै कारवाही गरिने छैन ।

६. दरभाउ-पत्र स्वीकृत भएपछि कार्यालयले तोकेको समय अवधि भित्र उल्लेखित उपकरणहरु बुझाउनु पर्नेछ र केही अंश अथवा सम्पुर्ण सामग्री नै बुझाउन नसकेमा सार्वजनिक खरिद ऐन/नियमावली वमोजिम कारवाही हुनेछ । सम्पुर्ण करहरु दरभाउ-पत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

७. सप्लाई हुने उपकरणहरु WHO/GMP, ISO, USFDA Approved सर्टिफिकेट प्राप्त कम्पनीहरुबाट उत्पादित र कम्तीमा २ बर्षको वारेन्टी भएको हुनुपर्ने छ । शुरुमा उपकरणको जडान तथा संचालन साथै सो सम्बन्धी अभिमुखिकरण आपुर्तिकर्ताले गरि चालु अवस्थामा बुझाउनुपर्नेछ ।

८. मुल्य अभिवृद्धि कर लाग्ने आइटमको दररेट उल्लेख गर्दा "मुल्य अभिवृद्धि कर बाहेकको" उल्लेख गर्नु पर्नेछ ।

९. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरू सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संसोधन २०७३) र गजुरी गा.पा. को सार्वजनिक खरिद नियमावली, २०७६ तथा प्रचलित नेपाल कानून अनुसार हुनेछ ।

१०. दरभाउ-पत्र स्विकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

११. दरभाउ-पत्र सम्बन्धी अन्य केही कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा बुझ्न सकिनेछ ।

| क्र.सं. | सूचना नं./प्याकेज | कार्य विवरण | दरखास्त दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|
| १. | १७-०७६/०७७ | मेडीकल (CR Xray-डिजिटल एक्सरे मेसिन १, एनालाइजर हेमाटोलोजिकल १ र बायोकेमेष्ट्री १) उपकरण खरिद | १,०००।- | ५६,२५०।- |